कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १२७ | वि.सं. २०८३ भदौ ३ बुधवार | नेपाल संवत: ११४५, श्रावण शुक्ल सप्तमी | Wednesday 19 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-


## तीन सातासम्म पनि भएन कर्णालीमा मन्त्रीपरिषद् विस्तार

# आज विश्वासको मत लिँदै मुख्यमन्त्री शाही

**◣ओम शाही**
**सुर्खेत, २ भदौ ।**

कर्णालीका प्रदेश सरकारका मुख्यमन्त्री मंगलबहादुर शाहीले बुधबार (३ भदौ) संसदमा विश्वासको मत लिने तयारी गरेका छन् । १२ साउनमा मुख्यमन्त्री नियूक्त भएका शाहीले २३ औं दिनमा विश्वासको मत लिन लागेका हुन् । नेकपा एमालेको समर्थनमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलका नेता शाही मुख्यमन्त्री नियूक्त भएका थिए । ४० सदस्यीय प्रदेशसभामा सरकार बनाउँन २१ सांसद आवश्यक पर्छ । शाहीलाई आफ्नो दलका १४ र एमालेका १० गरी कुल २४ सांसद छन् ।

कुल सांसद मध्ये सभामुखले मतदानमा सहभागि हुन नपाउँने हुँदा शाहीको पक्षमा २३ सांसद छन् । प्रदेशसभा सचिवालयका सूचना अधिकारी राजेन्द्र पौडलका अनुसार शाहीले सोमबार विश्वासको मत माग्ने प्रयोजनको पत्र सचिवालयमा पठाएका थिए । २६ साउनमा विशेष कारण देखाएर मंगलबार (२ भदौ) मा तय भएको संसद बैठक बिहान ११ बजे बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकपछि स्थगित भएको थियो । उक्त बैठकमा शाहीले विश्वासको मत लिनसक्ने जनाइएको थियो ।

यद्यपी, सत्ता साझेदर दल एमालेसँग सरकार विस्तारका बारेमा सहमति जुट्न नसकेपछि बैठक सरेको हो । बुधबार (३ भदौ) विहान ११ बजे बस्ने कार्यव्यवस्था परामर्श समितिको बैठकले विश्वास मत सम्बन्धि प्रस्ताव संसदमा पेश गर्न कार्यसूचि तोक्ने वा बैठक स्थगन गर्ने विषयमा निर्णय लिने जनाइएको छ । सत्ता साझेदार दल एमालेले विश्वासको मतका विषयमा यो समाचार तयार पार्दासम्म आधिकारिक धारणा सार्वजनिक गरिसकेको छैन । विश्वासको मत लिन लागेका शाहीले मुख्यमन्त्री नियूक्त भएको तीन साता बित्दासमेत आफ्नो क्याविनेटलाई पूर्णता दिन सकेका छैनन् । सत्तारुढ दल एमालेसँग मन्त्रालय भागवण्डामा कुरा नमिल्दा मन्त्रिपरिषद् विस्तार अन्यौल बनेको हो ।

शाहीलाई मुख्यमन्त्रीमा समर्थन गरेसँगै सुरुमा एमालेले चार मन्त्रालय दिएर मन्त्रिपरिषद्लाई पूर्णता दिन भनेको थियो । तर, नेकपाले बराबरी मन्त्रालय बाड्नुपर्ने अडान लिएपछि दुई दलबीच दुरी बढेको बताइन्छ । भागवण्डाको विषयमा प्रदेशतहका नेताहरुबीच कुरा नमिलेपछि यो विषय मुख्यमन्त्री शाहीले पार्टी केन्द्रमा पुऱ्याएका थिए । सत्तासाझेदारसँग भागवण्डाको कुरा नमिलेको अवस्थामा शाहीले आफ्नै



### नागरिकप्रति जिम्मेवार नभएको कांग्रेसको आरोप

यता प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले तीन साता बित्दासमेत सरकारले पूर्णता नपाउनुमा सरकारको चर्को विरोध गर्दै आएको छ । सत्ताकै खेलमा नियमित प्रक्रिया अनुसार तोकिएको प्रदेशसभा बैठक स्थगन गरेर सत्तारुढ दल एमाले र नेकपाले नागरिकको आवाज दबाउन खोजेको कांग्रेसको आरोप छ । सरकारले पूर्णता नपाउँदा र संसद नियमित रूपमा चल्न नसक्दा विपद् व्यवस्थापनदेखि प्रशासनिक कामहरूसम्म ठप्प गरिएकोमा कांग्रेस सांसद बेदराज सिंहले असन्तुष्टि जनाए ।

उनले मुख्यमन्त्री नियुक्त भएको लामो समय भइसक्दा पनि मन्त्रिपरिषद् विस्तार हुन नसक्नुलाई सरकारको गैरजिम्मेवारीपनको संज्ञा दिए । 'शनिबार जाजरकोटमा अविरल वर्षापछि आएको पहिरोले चार जनाको ज्यान गएको छ, घाइते हुनेहरुको संख्या पनि बढेको छ, उनले भने, 'पहिरोका कारण सयौं घरधुरी विस्थापित भएका छन्, नौ सय बढी नागरिक होल्डिङ सेन्टरमा बस्न बाध्य छन् । खानेपानी, विजुली, सञ्चार र सडक पूर्णरुपमा अवरुद्ध भएका छन् । यता एमाले-नेकपाले भागवण्डाको रमिता देखाइरहेका छन् ।'

मुख्यमन्त्रीले आफ्नै दलबाट

▶▶ बाँकी ३ पेजमा

## के भन्छन् मुख्यमन्त्री ?

*कर्णाली प्रदेश सरकार विस्तारमा भइरहेको ढिलाइका विषयमा मुख्यमन्त्री मंगलबहादुर शाहीसँग युगआह्वानले गरेको कुराकानीको सम्पादित अंशः*

**– कर्णाली प्रदेशमा सरकार विस्तारको विषय अलि गिजोलिएको जस्तो देखियो, खासमा समस्या के हो र यो कहाँ अल्झिएको छ ?**

खासमा कर्णाली प्रदेशको मुख्यमन्त्रीको नियुक्ति अन्य प्रदेशको तुलनामा अलि अगाडि भयो, जसले गर्दा अहिले २२ दिन भइसक्दा पनि केही ढिला भएको जस्तो देखिएको हो । यो प्रक्रिया खासमा कर्णाली लगायतका पाँचवटा प्रदेशको प्याकेज सहमति अनुसार अगाडि बढिरहेको छ ।

**– भनेपछि यो केन्द्रकै निर्णयको पखाईमा हो ?**

हो, केन्द्रमा भएका तीन बुँदे र पाँच बुँदे सहमतिको जगमा सहकार्यलाई सुदृढ बनाउन पार्टी केन्द्रको निर्देशनअनुसार नै हामी अगाडि बढ्दैछौं । बामपन्थी र लोकतान्त्रिक शक्तिहरूबीचको सहकार्य राष्ट्रिय आवश्यकता हो भन्ने कुरामा सबै बौद्धिक र राजनीतिक क्षेत्रका व्यक्तिहरू सहमत छन् । यही सहकार्यलाई बलियो बनाउन पाँचवटै प्रदेशमा एकैसाथ कार्यान्वयन गर्ने चरणमा रहेकाले केही समय लागेको हो ।

बाहिर त मन्त्रालयको भागबण्डा नमिल्दा सरकार विस्तार हुन नसकेको भन्ने चर्चा छ नि ? भागबण्डाको कुरालाई पूरै इन्कार गर्न त मिल्दैन, सहायक विषयका रूपमा त्यो अलिअलि हुन्छ नै । तर, मुख्य कारण त्यो होइन । मुख्य कुरा चाहिँ, एउटा प्रदेशको सरकार गठनको मोडेलले अर्को प्रदेशमा कस्तो प्रभाव पार्छ भनेर एक-अर्कालाई हेर्ने अवस्था छ । जस्तै, सुदूरपश्चिम, कोशी, बागमती र लुम्बिनी प्रदेशहरूमा सरकार गठन कसरी हुन्छ भनेर कुर्नुपर्ने भएकाले यो केही ढिलो भएको हो ।

▶▶ बाँकी ३ पेजमा

## 'कश्यप ज्योतिःसार' लोकार्पण

**◣युग संवाददाता**
**सुर्खेत, २ भदौं ।**

ज्यो.प. खगेन्द्रप्रसाद अधिकारीद्वारा लेखन तथा संकलन गरिएको 'कश्यप ज्योतिःसार' ग्रन्थको लोकार्पण गरिएको छ । लोकार्पण कार्यक्रममा ज्योतिष शास्त्रको महत्व, अध्ययन तथा समाजमा यसको उपयोगिताबारे चर्चा गरिएको थियो ।

नेपाल ज्योतिष परिषद्का केन्द्रीय उपाध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि विकास पौडेलले ज्योतिष शास्त्रको संरक्षण, संवर्द्धन र विकासका लागि 'कश्यप ज्योतिःसार' उपयोगी ग्रन्थ बन्ने बताए । उनले अधिकारीले ज्योतिष क्षेत्रमा गर्दै आएको योगदानले कर्णालीको पहिचान, भाइचारा र सम्बन्धलाई राष्ट्रियस्तरसम्म जोड्न सहयोग पुगेको उल्लेख गरे ।

कार्यक्रममा नेपाल ज्योतिष परिषद् कर्णाली प्रदेशका अध्यक्ष डा.गौरीशंकर शर्मा, केन्द्रीय उपाध्यक्ष विकास पौडेललगायतको उपस्थिति थियो । वक्ताहरूले अधिकारीले लामो समयदेखि ' कश्यप पञ्चाङ्ग' समेत प्रकाशन गर्दै आएको उल्लेख गर्दै 'कश्यप ज्योतिःसार' मार्फत ज्योतिष शास्त्र र यसका विभिन्न पक्षबारे अध्ययन गर्ने अवसर प्राप्त हुने बताए ।



कृतिले ज्योतिषीय ज्ञानको अध्ययन तथा आकलनमा सहयोग पुऱ्याउनुका साथै दैलेख, जुम्लालगायतका स्थानीय भाषा, संस्कृति र परम्पराको संरक्षणमा समेत योगदान गर्ने विश्वास व्यक्त गरिएको थियो ।

नेपाल ज्योतिष परिषद्का केन्द्रीय सदस्य पूर्णप्रसाद अधिकारीले आज गरिने कर्म र कामले भावी पुस्ताले आफूलाई कसरी सम्झनेछन् भन्ने विषयमा हरेक व्यक्तिले सोच्नुपर्ने बताए ।

लेखकका पिता कृष्णप्रसाद अधिकारीले आफ्नै सन्तानले तयार पारेको कृति लोकार्पण गर्न पाउँदा जीवनकै ठूलो हर्ष लागेको बताए ।

पञ्चाङ्गकार तथा कृतिका लेखक ज्यो.प. खगेन्द्रप्रसाद अधिकारीले आफ्ना गुरु तथा पिता कृष्णप्रसाद अधिकारीबाट सिकेको ज्ञानलाई निरन्तरता दिँदै आफ्नै पिताबाट कृति लोकार्पण गराउन पाउँदा खुसी लागेको बताए । उनले वर्षा र बाढीजस्ता प्राकृतिक विपत्तिले ल्याउने चुनौतीबाट पछि हट्नुभन्दा कठिन परिस्थितिको सामना गर्दै अघि बढ्नुपर्ने धारणा राखे ।

कश्यप पञ्चाङ्ग हालसम्म ४४ जिल्लामा पुगेको जानकारी दिँदै अधिकारीले सबैको साथ र सहयोगले 'कश्यप ज्योतिःसार' नयाँ पुस्ताका लागि उपयोगी ग्रन्थ बन्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा ज्योतिष, पण्डित, समाजसेवी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा साहित्यकारहरूको उपस्थिति थियो ।

## छ लाख ८८ हजारको सहुलियत खाद्यान्न बिक्री



**◣युग संवाददाता**
**हुम्ला, २ भदौं ।**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको हुम्ला शाखाले सातौं वार्षिकोत्सव तथा चाडपर्वलाई लक्षित गर्दै सहुलियत मूल्यमा खाद्यान्न बिक्री सुरु गरेको छ । बिक्री सुरु भएको पहिलो दिनमै शाखाले करिब सात लाख रुपैयाँ बराबरको खाद्यान्न बिक्री गरेको जनाएको छ । लिमिटेडका हुम्ला शाखा प्रमुख कृष्णबहादुर थापामगरका अनुसार पहिलो दिन छ लाख ८८ हजार सात सय ५० रुपैयाँ बराबरको खाद्यान्न बिक्री भएको हो । उनका अनुसार उक्त दिन ७० क्विन्टल चामल, तिन सय २२ किलो चिनी र तिन सय ४५ लिटर सूर्यमुखी तेल बिक्री गरिएको छ ।

बिक्री भएको चामलमध्ये करिब ६४ दशमलव ५० क्विन्टल सामान्य र पाँच दशमलव ५० क्विन्टल पौष्टिक तत्व मिसाइएको चामल रहेको शाखाले जनाएको छ । कम्पनीले वार्षिकोत्सव तथा चाडपर्वलाई लक्षित गर्दै भदौ एक गतेदेखि सहुलियत मूल्यमा खाद्यान्न बिक्री सुरु गरेको हो । शाखा प्रमुख थापामगरका अनुसार सहुलियतमा बिक्री हुने खाद्यान्नमा चामल, चिनी र सूर्यमुखी तेल रहेका छन् । सबै प्रकारका चामलमा प्रतिक्विन्टल पाँच रुपैयाँ छुटको व्यवस्था गरिएको छ । त्यस्तै, चिनीमा प्रतिकिलो पाँच रुपैयाँ छुट दिई एक सय रुपैयाँमा बिक्री भइरहेको छ भने सूर्यमुखी तेलमा प्रतिलिटर तीन रुपैयाँ छुट गरी दुई सय ९५ रुपैयाँमा बिक्री गरिएको छ ।

पौष्टिक तत्व मिसाइएको चामल प्रतिव्यक्ति एक क्विन्टलसम्म खरिद गर्न सकिने व्यवस्था गरिएको छ भने अन्य खाद्यान्न आवश्यकता अनुसार खरिद गर्न सकिनेछ । हाल कम्पनीको हुम्ला शाखाको गोदाममा छ हजार क्विन्टलभन्दा बढी खाद्यान्न मौज्दात रहेको छ । सहुलियत मूल्यको खाद्यान्न शाखा कार्यालयसँगै सर्केगार्ड र श्रीनगर डिपो तथा जिल्लाका अन्य १० बिक्री केन्द्रबाट समेत बिक्री गरिनेछ ।




## सम्पादकीय....

# विपद् न्युनिकरणमा जिम्मेवार बन

१७ कार्तिक २०८० को विनाशकारी भूकम्पको धक्का व्यहोरेको जाजरकोटले फेरि प्राकृतिक विपद्को चोट खेपेको छ। एक सय ५४ जनाको ज्यान जाने गरी आएको भूकम्पको पीडा बिर्सन नपाउँदै पहिरोले जाजरकोटीलाई अर्को नबिर्सने चोट दिएको छ। भूकम्पपछिको पुनर्निर्माणमा सरकारी ढिलासुस्तीका कारण अस्थायी टहरामा बस्न बाध्य नागरिकलाई केही दिनअघि परेको अविरल वर्षापछिको पहिरोले थप पीडा दिएको हो । पहिरोमा परी चार जनाले ज्यान गुमाएका छन् भने ११ जना घाइते भएका छन् । चार सय ३० नागरिक विस्थापित भएका छन् । विस्थापितमध्ये अधिकांश भूकम्पपछि बनाइएका अस्थायी टहरामा बस्दै आएका थिए । अहिले उनीहरू विद्यालय र अन्य सार्वजनिक भवनमा बनाइएका अस्थायी शिविरमा बस्न बाध्य छन् । गर्भवती महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकसमेत विपद्को चपेटामा परेका छन् ।

खानेपानी, विद्युत् र सडक अवरुद्ध हुँदा उनीहरूको दैनिकी झनै कष्टकर बनेको छ। भेरी नगरपालिकाका विभिन्न बस्तीको सिरानबाट पहिरो खसेकाले तत्काल घर फर्किन सक्ने अवस्था पनि छैन । यसले विपद्पछिको राहतभन्दा दीर्घकालीन पुनर्स्थापनाको आवश्यकता कति गम्भीर छ भन्ने देखाउँछ। जाजरकोटको पछिल्लो घटना कर्णालीका लागि नयाँ होइन। २०७९ मा कालीकोटको तिलागुफामा मलामी गएका १३ जना पहिरोमा पुरिए। २०७१ को भेरी बाढीमा दुई सय २२ जनाले ज्यान गुमाए । त्यसबेला विस्थापित सुर्खेतका कतिपय परिवार एक दशक बितिसक्दा पनि स्थायी पुनर्स्थापनाको प्रतीक्षामा छन् । सरकार फेरिन्छ, योजना बन्छन्, बजेट छुट्टिन्छ; तर विपद्बाट विस्थापित नागरिकको स्थायी छानो र सुरक्षित बस्तीको समस्या जस्ताको तस्तै रहन्छ। कर्णाली प्रदेश प्रहरीको तथ्यांकले पाँच वर्षमा पाँच हजार सात सय १६ प्राकृतिक विपद्का घटनामा तीन सय ९१ जनाको मृत्यु, नौ सय ४२ जना घाइते र ४३ जना बेपत्ता भएको देखाउँछ। यही अवधिमा ९० हजारभन्दा बढी नागरिक विस्थापित भएका छन्। जाजरकोटमा मात्रै एक सय ३० जनाले ज्यान गुमाएका छन् । यी तथ्यांक सामान्य अंक होइनन्, राज्यको विपद् व्यवस्थापन प्रणालीको कमजोर अवस्थाको ऐना हुन् । विपद्को जोखिम बढ्नुमा जलवायु परिवर्तनसँगै अव्यवस्थित विकास पनि जिम्मेवार छ। जथाभावी सडक खन्ने, कमजोर इन्जिनियरिङमा पूर्वाधार निर्माण गर्ने र वातावरणीय प्रभाव मूल्यांकनलाई कर्मकाण्डमा सीमित गर्ने प्रवृत्तिले कर्णालीको जोखिम बढाएको छ।

भौगोलिक रूपमा संवेदनशील क्षेत्रमा विकासका नाममा प्रकृतिसँग गरिने यस्तो प्रतिस्पर्धा अन्ततः मानव जीवनकै लागि घातक हुन्छ। त्यसैले अब सरकारको प्राथमिकता विपद् आएपछि राहत बाँड्ने होइन, विपद् आउन नदिने र जोखिम घटाउने हुनुपर्छ । जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित तथा एकीकृत बस्ती विकास, गुणस्तरीय पूर्वाधार, प्रभावकारी पूर्वसूचना प्रणाली र वैज्ञानिक भू-उपयोग नीति तत्काल आवश्यक छ। भूकम्प, बाढी र पहिरोपछि विस्थापितलाई वर्षौंसम्म टहरामा राखेर राज्य आफ्नो दायित्वबाट उम्कन मिल्दैन । कर्णालीलाई हरेक वर्ष विपद्को क्षति गन्ने प्रदेश होइन, जोखिम घटाउने प्रदेश बनाउनुपर्छ । त्यसका लागि तीनै तहका सरकारबीच स्पष्ट जिम्मेवारी, पर्याप्त बजेट र दीर्घकालीन कार्ययोजना आवश्यक छ। नागरिकको ज्यान गएपछि राहत दिने राज्यभन्दा नागरिकको ज्यान जोगाउन पूर्वतयारी गर्ने राज्य आजको आवश्यकता हो ।

# समाजशास्त्री अर्डेको मृत्युले बौद्धिक जगत्मा उठाएका प्रश्नहरू



✍ नारायणी देवकोटा

१५ अगस्टमा न्यु योर्क टाइम्सले लेख्यो- बौद्धिक चोरीको आरोप लागेका क्याम्ब्रिज विश्वविद्यालयमा समाजशास्त्रका प्राध्यापक जेसन अर्डेको निधनबारे । न्यु योर्क टाइम्स र गार्डियनमा प्रकाशित समाचारले चिसो महसुस गरायो। र, कैयौँ विद्यार्थीलाई एकैपटक सम्झेँ। विश्वविद्यालयमा स्नातकोत्तर अध्यापन गरेको सात वर्षमा हरेक वर्षजस्तो शोधग्रन्थ तयार गर्ने क्रममा पटकपटक बौद्धिक चोरीको विषयमा विद्यार्थीका अपेक्षा, अवस्था, बाध्यताहरू र बौद्धिक चोरीका गसिपसँग ठोकिइरहनुपर्छ।

विश्वविद्यालयमा सीमान्तकृत समुदाय (त्यसमा महिला, पश्चिमा जगत्मा काला जातिका र दक्षिण एसियामा दलित समुदायका, ग्रामीण भेगको निम्न आय भएको परिवारका, यौनिक विविधता भएका वा फरक क्षमता भएको अवस्था) बाट आएका व्यक्तिले आफ्नो क्षमताको प्रमाण पटकपटक दिइरहनुपरेको अवस्था पनि सम्झिन्छु।

क्याम्ब्रिज विश्वविद्यालय आफूलाई तीक्ष्ण र विज्ञ हुन्छु भनेर सपना देख्ने हर कोही विद्यार्थीको सपनाको विश्वविद्यालय हो। जेसन अर्डेको परिवारका अनुसार उनीमाथि लगाइएका आरोपले तीन वर्षदेखि गरिएको बुलिङ, साइबर आक्रमणले संसारका नामी विश्वविद्यालयभित्रको प्राज्ञिक वातावरण कतिसम्म रंगभेदी र विभेदकारी छ भन्ने पक्षलाई उजागर गरेको छ । यो लेख भने कार्यक्षेत्रमा समावेशी नीति र विभेदको सिलसिला, बौद्धिक सम्पत्ति र ज्ञानमाथिको पहुँच र नियन्त्रणमाथि केन्द्रित छ।

### कार्यक्षेत्रमा समावेशी नीति र विभेदको सिलसिला

विभिन्न आन्दोलन र सामाजिक दबाबका कारण संसारभर समावेशिताको मुद्दा ज्वलन्त छ । मनमा जेसुकै भए पनि आफूलाई उदार, लोकतान्त्रिक वा प्रगतिशील देखाउनका लागि पनि धेरै संघसंस्थालाई आफ्नो कार्यक्षेत्र समावेशी बनाउनुपर्ने दबाब छ।

उक्त दबाबबाट संसारलाई ज्ञान बाँडिरहेको क्याम्ब्रिज विश्वविद्यालय नपर्ने कुरा पनि भएन। जेसन अर्डे क्याम्ब्रिजले समावेशी नीतिअन्तर्गत युवा, कालाजाति र अपांगता भएका व्यक्तिका रूपमा प्राध्यापकको पदमा लिनका लागि उपयुक्त पात्र थिए। उनको नियुक्तिलाई क्याम्ब्रिज आफैँले पनि आफू प्रगतिशील भएको देखाउनका लागि एक सेलेब्रिटीको रूपमा प्रस्तुत पनि गऱ्यो।

पहुँचवाला कैयौँ व्यक्तिलाई आम लागेका, सामान्य लागिरहेका उपाधि वा पदहरू सीमान्तकृत व्यक्तिका लागि निकै ठूला उपलब्धि पनि हुन्छन् । काला जातिका, युवा र बाल्यकालमा अटिज्मको सिकार भएका अर्डे र उनले प्रतिनिधित्व गर्ने समुदायका लागि क्याम्ब्रिजको प्राध्यापक हुने कुरा पक्कै पनि सेलेब्रेट गर्न लायक अवसर थियो। अटिज्मको सिकार भएका अर्डे, ११ वर्षको उमेरमा मात्रै बोल्न सकेको र १८ वर्षको उमेरपछि मात्रै उनले पढ्नलेख्न थालेका थिए।

तर, ३७ वर्षको उमेरमा उनी संसारकै नामी मानिने क्याम्ब्रिजमा प्राध्यापक भएपछि संसारभर अटिज्म भएका सन्तानका बाआमाका लागि अर्डेको जीवन एउटा आशाको उदाहरण थिए। अटिज्म भएका व्यक्ति परिवारका बोझ होइनन्, उनीहरूको उचित हेरचाह र लालनपालन हुन सक्दा क्याम्ब्रिजजस्तो विश्वविद्यालयमा प्राध्यापक बन्न सक्छन् भन्ने उनी जीवित उदाहरण थिए । साथसाथै उनी युवा र काला जातिका व्यक्तिका लागि पनि एक उदाहरण थिए नै, जसका कारण उनी चर्चामा थिए । उनले आफ्ना संघर्ष र सफलताका कथाहरू सार्वजनिक मञ्चमा प्रस्तुत गरिरहन्थे । उनको त्यही सार्वजनिक छवि कैयौँका लागि मन पोल्ने विषय पनि थियो। काला जातिका मानिसलाई दासको रूपमा लिनेहरूका लागि यो मनैबाट स्वीकार गर्न नसकिने पक्ष थियो।

लड्ने बेलामा व्यक्तिले सोच्ने कुरा हो- यस्तो अमानवीय सोचको निसानामा म मात्रै छैन भनेर। तर, कतिसम्म सहने, कतिसम्म लड्ने, लड्ने कि भाग्ने ?अर्डेले भाग्ने बाटो रोजे। अर्डेको दुःखद अन्त्यले पश्चिमा प्राज्ञिक जगत्को समावेशी नीतिको मुखुन्डो उतारेर गएको छ।

आफ्नो कार्यक्षेत्रलाई समावेशी बनाएर मात्रै हुँदैन, समावेशी नीतिमार्फत आएका आफ्ना कर्मचारीमाथि भइरहेको आक्रमणलाई रोक्ने नीति पनि अवलम्बन गर्न जरुरी छ।

### एउटा प्राज्ञिक व्यक्तिको सम्पत्ति

सन् २०१९ मा समाजशास्त्रमा एमफिल पढ्दै गर्दा गैरसरकारी संस्थामा गरिरहेको जागिर छोडेर विश्वविद्यालयमा पढाउने रहर बढ्दै थियो। त्यति बेला विश्वविद्यालयमा छिर्नु नै जीवनको सर्वोत्तम उपलब्धि हुनेछ भन्ने लागिरहेको थियो। मेरा सपनाको प्वाँख पलाउँदै गर्दा एक जना प्राध्यापकले 'विश्वविद्यालयको प्राध्यापक हुनु भनेको रातारात धन कमाउने ठाउँ होइन, सामान्य जीवन बिताउँछु भनेर आफैँलाई नबाँध्ने हो भने प्राध्यापनमा टिकिरहन सकिन्न' भनेर भन्नुभएको थियो।

त्यो सामान्य जीवनको कुरामा जोडिएको थियो, आफु बसेको शहरमा आफ्नै घर, दैनिक यातायातका लागि एउटा गाडी, महिना/दुई महिनामा गरिने सपिङ र वर्षैपिच्छे विदेश भ्रमण गर्न नसके पनि म नियमित रूपमा पढिरहनेछु, पढाइरहनेछु, लेखिरहनेछु भन्ने आफैँसँगको प्रतिबद्धता।

सुन्दा सामान्य लागे पनि देखावटीमा आधारित आजको समाजमा यो अलिक कठिन नै काम रहेछ भन्ने कुरा म बेलाबेलामा सोचिरहन्छु। जब कोही आफूसँगैका साथीहरूले नयाँ गाडी किनेको, नयाँ घर बनाएको वा विदेशमा भ्याकेसन मनाएको फोटो सार्वजनिक गरिरहन्छन्, वा त्यस्ता प्लान सुनाउँछन्, उच्च मध्यम वर्गका लागि सामान्य लाग्ने घर, गाडी, भ्याकेसनका प्रश्न सोध्दा मेरो उत्तर हुन्छ, मैले कमाएको वा जम्मा गरेको पुँजी म नै हुँ।

आफू सर्भाइभ हुन, किताब किन्न, मन लागेको विषयमा अनुसन्धान गर्न, वर्षमा एउटा भए पनि अनुसन्धानमा आधारित लेख लेख्नका लागि फिल्ड जाँदा लाग्ने खर्चमा नै मेरो आय र समय सकिइरहेको हुन्छ। नेपालजस्तो निम्न आय भएको देशको, त्यो पनि भर्खर संघर्षरत प्राध्यापकको जस्तै अवस्था त पक्कै पनि विकसित मुलुकका प्राध्यापकको हुँदैन।

तर, संसारभर प्राध्यापकको कमाइ वा हैसियत नाप्ने भनेको उसले कति अनुसन्धान गऱ्यो, कति कृति निकाल्यो भन्ने नै हो। र, अध्ययन गर्नका लागि समय र पैसा लगाउनुपर्छ। सामान्य एउटा विषयमा अनुसन्धान गर्न नेपालमा पाँच/छ महिनाको समय र एकदेखि पाँच लाखसम्म (विषय हेरीकन) खर्च लागिरहेको हुन्छ । योभन्दा बढी आफ्नै खल्तीको पैसा लगानी गरेर अनुसन्धान गर्न सकिन्न।

त्यसैले अलिक गतिलो गरी अनुसन्धान गर्नका लागि फन्डिङ एजेन्सीको भर पर्नुपर्ने बाध्यता हुन्छ। कैयौँ फन्डिङ एजेन्सीले अनुसन्धानका काम त दिन्छन्, त्यसका लागि लगानी पनि गर्छन् । तर, त्यसको कपिराइट अनुसन्धानकर्तालाई दिँदैनन् । यहाँनिर आएर व्यावसायिक अनुसन्धानकर्ता र प्राध्यापकको बीचमा भिन्नता छुटिन्छ।

प्राध्यापकलाई आफूले अनुसन्धान गरेर उत्पादन गरेको ज्ञानमा आफ्नो नाम चाहिएको हुन्छ, अनुसन्धानकर्तालाई रुचिको विषयमा काम र दाम पहिला चाहिएको हुन्छ। यो गोलचक्करले के देखाउँछ भन्दा आफ्नो रुचिको विषयमा अनुसन्धान गर्न आफ्नै लगानी गर्नुपर्ने अवस्था आउँछ। यसरी एउटा व्यक्तिले महिनौँको समय र खर्च लगाएर लेखेको कृति चोरी हुनु भनेको उसको घर फोडेर चोर्नुजस्तै हो, लगानीकै हिसाब लगाएर भन्नुपर्दा पनि।

माथिको यो सप्रसंग व्याख्या पनि समाजशास्त्री अर्डेको मृत्युसँग पनि जोडिन्छ। उनलाई बौद्धिक चोरीको आरोप लाग्यो। उक्त आरोप यो लेख लेख्दासम्म क्याब्रिजले सत्य भएको पुष्टि गरेको छैन। उनले अरुको बौद्धिक सम्पत्ति चोरेका थिए कि थिएनन्, चोरेकै थिए भने पनि कुन तहसम्म चोरेका थिए भन्ने विषयमा थप पुष्टि हुँदै जाला। यसै पनि संसारभर केही हदसम्म अरुले निर्माण गरेको ज्ञानलाई आफ्नो ज्ञान निर्माणको प्रक्रियामा समावेश गर्न पाइन्छ।

त्यो केही हदसम्म विश्वविद्यालय वा सम्बन्धित देशको उच्चशिक्षा निकायले बनाएका नीतिहरूमा भर पर्छ। हाम्रो त्रिविकै हकमा छुट्टै विनिमयको व्यवस्था गरेको छ, जसको नाम एन्टी प्लेजारिज्म सफ्टवेर व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विनिमय, २०८० दिइएको छ। उक्त विनिमयअनुसार विद्यावारिधिको तहका शोधपत्र र ठूला अनुसन्धानको हकमा १० प्रतिशत प्लेजारिज्म स्वीकार गरिने उल्लेख छ।

एमफिल, एमए, अनुसन्धान लेख, लघुअनुसन्धानको हकमा प्लेजारिज्म १५ देखि २० प्रतिशतसम्म स्वीकार गरिने उल्लेख छ। त्यो भनेको पहिला नै कसैले उत्पादन गरेको ज्ञानलाई जसले लेखेको हो, उसले लेखेको भन्दै आफ्ना सामग्रीमा समावेश गर्न सकिन्छ भन्ने हो । तर, विश्वविद्यालयको ढाँचा नबुझेका मानिसहरू यो त चोर नै रहेछ भन्ने पारामा अहिले साइबर हमला गर्न अगाडि तम्सिनु मानव समाजमा बढिरहेको हिंसाको उदाहरण हो।

### ज्ञानमाथिको पहुँच र नियन्त्रण

बौद्धिक चोरीको विवाद आउँदा बेलाबेला ज्ञानको स्रोतको विषयमा पनि विवाद आउँछ। किताबी ज्ञान अर्थात् लिखतलाई मात्रै ज्ञान मानिने परम्परा, लेखन, प्रकाशन र त्यो प्रकाशित ज्ञानको प्रचारको शक्तिसँग पनि जोडिन्छ। आममानिसको मौलिक परम्परा, मौखिक वा सांकेतिक भाषा वा सिकाइ पनि ज्ञान हुन् भन्ने कुरा इतिहासमा लामो समय छायामा पऱ्यो।

▶▶ बाँकी ३ पेजमा

## विश्व

# युद्ध अन्त्यका लागि दक्षिण कोरियाले गऱ्यो उत्तर कोरियासँग प्रस्ताव



◣सिउल, २ भदौ ।

दक्षिण कोरियाका राष्ट्रपति ली जे-म्युङले आफ्नो उत्तर कोरियासँग प्राविधिक रूपमा अझै जारी युद्धलाई औपचारिक रूपमा अन्त्य गर्ने विषयमा वार्ताको प्रस्ताव गरेका छन् । दुई देशबिच तनाव बढिरहेका बेला राष्ट्रपति जे-म्युङल वार्ता प्रस्ताव गरेका हुन् । राष्ट्रपति म्युङले 'सैन्यविहीन क्षेत्र'का रूपमा चिनिने दुई देशबिचको वास्तविक सिमानामा तनाव बढ्न नदिन 'बहुतहको सुरक्षा प्रणाली'को सुझाव दिए।

उनले प्योङयाङको आणविक महत्वाकांक्षा रोक्ने व्यावहारिक उपायबारे छलफल गर्ने प्रस्ताव पनि अघि सारेका छन् । उत्तर कोरियाले आणविक हतियार बोक्न सक्ने क्षमताका ब्यालिस्टिक क्षेप्यास्त्रहरूको निरन्तर परीक्षण गर्दै आएको छ।

सियोल र नजिकैको जापानले उत्तरका गतिविधिलाई आफ्नो शक्ति प्रदर्शन गर्ने प्रयासका रूपमा हेरेका छन् । सन् १९५३ मा युद्धविराम सम्झौता भएयता पनि कोरियाली प्रायद्वीपका यी दुई पक्षबिचको द्वन्द्व व्यावहारिक रूपमा यथावत् अवस्थामा छ।

उनीहरूले शान्ति-सम्झौतामा हस्ताक्षर गरेनन्, त्यसैले प्राविधिक रूपमा उनीहरू अझै पनि युद्धकै अवस्थामा छन् । त्यसयताका दशकहरूमा सैन्यविहीन क्षेत्रमा झडप र तनाव देखिएका छन् । साथै, दुवै पक्षले एक-अर्कामाथि उक्साहटपूर्ण गतिविधि गरेको आरोप लगाउँदै आएका छन् जसमा फोहोर र प्रचार-प्रसार सामग्री बोकेका बेलुन खसाल्ने कार्य पनि समावेश छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्य आम्दानी दिलाउनेछ।

**वृष** — मिहिनेतीहरूका लागि समय उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् ।

**मिथुन** — प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि हासिल गर्न सकिनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

**कर्कट** — अवसर प्राप्त भए पनि तत्काल फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । मिहिनेतले समस्या सुल्झनेछन् । पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ।

**सिंह** — परिस्थिति अनुकूल हुनेछ र लगनशीलताले लक्ष्यमा पुर्याउनेछ। छोटो समयमा फाइदा उठाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन्।

**कन्या** — सेयर तथा लगानीबाट लाभ मिल्नेछ । बौद्धिक कार्यबाट पनि दिगो फाइदा उठाउन सकिनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ।

**तुला** — रमाइलो भेटघाट तथा खानपानको आनन्द प्राप्त हुनेछ । तारिफयोग्य कामले प्रशंसा एवं ख्याति बढ्नेछ । सफलताको अनुभवले थप उत्साहित

**वृश्चिक** — अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउने हुँदा होसियार ीसाथ काममा जुट्नुहोला।

**धनु** — प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेत गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।

**मकर** — कर्मका प्रेरक र सहयोगी बढ्नाले कर्मसाधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

**कुम्भ** — प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ। रोकिएका काम सम्पादन हुनेछन्।

**मीन** — पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। स्वास्थ्यमा निकै ध्यान पुर्याउनुहोला।

# कोहलपुरमा १३ किलो अफिमसहित दुई पक्राउ

**युग संवाददाता**
**नेपालगन्ज, २ भदौ ।**

प्रहरीले बाँकेको कोहलपुरबाट १३ किलो ६४ ग्राम अफिम र १४८ ग्राम चरेससहित दुई जनालाई पक्राउ गरेको छ।

लागुऔषध नियन्त्रण ब्युरो नेपालगञ्ज र सुर्खेतस्थित संयुक्त टोलीले विशेष सूचनाका आधारमा कोहलपुर नगरपालिका-६ बाट उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरले जानकारी दिए।

उनका अनुसार रुकुमपूर्वका कर्णबहादुर बुढा र रुकुमपश्चिमका टोपजङ्ग भन्ने टाइपसिंह गिरीलाई लागुऔषधसहित पक्राउ गरिएको हो। उनीहरुसँग एक थान डिजिटल तराजु, नगद रु पाँच हजारसमेत बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार उनीहरुलाई पक्राउ गर्न एक राउण्ड हवाइफायरसमेत गरिएको थियो।

# ‘प्रदेशको समृद्धिलाई सबैले साझा विषय बनाएर काम गर्नुपर्छ’

**युग संवाददाता**
**कैलाली, २ भदौ ।**

सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्ले प्रदेशको समृद्धिलाई सबैले साझा विषय बनाएर काम गर्नुपर्नेमा जोड दिएका छन्। सुदूरपश्चिममा मनाइने सामाजिक तथा धार्मिक पर्व ओल्के, नागपञ्चमी र गुरहीका अवसरमा आज कैलालीको धनगढीमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले सबै नागरिकको प्रतिष्ठा प्रदेशको समृद्धिसँग जोडिएकाले मिलेर काम गर्नुपर्ने बताए।

मन्त्री मल्लले समाजका सबैपक्ष, सामाजिक तथा धार्मिक सम्पदाको समग्र विकासले नै प्रदेश विकासको आधार तयार गर्ने भन्दै सरकारले नयाँ सोचसहित काम गर्ने उल्लेख गरे। उनले बजेट निर्माणमा देखिएको विवादकै कारण नयाँ गठबन्धन र नयाँ सरकार बनेकाले अब समृद्धिको खाका कोर्ने गरी बजेट निर्माण र त्यसको कार्यान्वयन गरिने उनको भनाइ थियो।

कार्यक्रममा प्रदेशका निवर्तमान भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले बजेट निर्माणका क्रममा देखिएका समस्याबारे आफूहरुले मन्त्री भएकै अवस्थामा विरोध गरेको स्मरण गराउँदै नयाँ बजेट सुधारको खाकासहित आउनुपर्ने धारणा राखे।

## के भन्छन्...

**– तपाईं र निवर्तमान मुख्यमन्त्री यामलाल कँडेलबीचको व्यक्तिगत सम्बन्ध सुमधुर नभएकाले पनि समस्या भएको चर्चा छ नि ?**

त्यो एकदमै झुटो कुरा हो। हिजो उहाँको विरुद्धमा विशेष प्रस्ताव ल्याउँदा म हस्ताक्षर गर्ने ठाउँमा भएकाले बाहिर त्यस्तो अनुमान गरिएको हुन सक्छ। तर, त्यो हाम्रो व्यक्तिगत विषय नभएर विशुद्ध राजनीतिक विषय थियो। उहाँ पार्टीको केन्द्रीय सचिव हुनुहुन्छ र म दलको नेता, त्यसैले हाम्रो सम्बन्ध राम्रो छ र हामीबीच राजनीतिक सहमति नै प्रमुख हुन्छ।

**– त्यसो भए अब सरकार विस्तार कहिलेसम्म हुन्छ त ?**

मैले भोलि (बुधबार) विश्वासको मत लिने तयारी गरेको छु। भोलि विश्वासको मत लिइसकेपछि एक-दुई दिनभित्रै हामी सरकार विस्तारको कामलाई पूर्णता दिन्छौं। दुलबीच सरकारलाई पूर्णता दिने विषयमा घनिभूत छलफल भइरहेको छ। सरकार विस्तारका बारेमा बाहिर जे खालका कुरा आएका छन् तिनमा सत्यता छैन।

## नागरिकप्रति...

कम्तिमा एकजना मन्त्री नियुक्त गरेर क्याबिनेट चलाउन सक्ने विकल्प हुँदाहुँदै पनि त्यसो नगर्नु सरकारको कमजोरी रहेको उनको तर्क छ। बाढी-पहिरो जस्तो गम्भीर मुद्दामा बहस हुनुपर्ने संसदलाई बिजनेस नदिएर वा विभिन्न बहानामा अवरुद्ध गरेर बन्धक बनाइनु जनविरोधी काम भएको सिंहको तर्क छ। सांसद सिंहले तत्काल सरकारलाई पूर्णता दिएर नागरिकका गुनासो सम्बोधन गरेर व्यवस्थाप्रति भरोसा जगाउने गरी काम गर्न सरकारलाई आग्रह गरे।

# औद्योगिक सुरक्षा बल स्थापना गरिँदै

**युग संवाददाता**
**काठमाडौँ, २ भदौ ।**

सरकारले निजी क्षेत्रको लगानीको सुरक्षा, संरक्षण तथा प्रवर्द्धन गर्दै लगानीकर्ताको मनोवल उच्च बनाउने उद्देश्यले ‘निजी लगानी संरक्षण तथा प्रवर्द्धन रणनीति’ जारी गरेको छ। देशमा तीव्र आर्थिक विकास र रोजगारी सिर्जनाका लागि निजी क्षेत्रलाई उच्च मनोवलका साथ लगानी गर्ने वातावरण निर्माण गर्न रणनीति ल्याइएको सरकारले स्पष्ट गरेको छ।

लगानीकर्ता एवं औद्योगिक तथा व्यावसायिक संरचनाको भौतिक सुरक्षा, सम्पत्ति संरक्षण, आर्थिक पुनरुत्थान, कानुनी तथा नियामकीय सरलीकरण, लगानी संरक्षण तथा प्रवर्द्धन र युवा उद्यमशीलता विकासलाई रणनीतिले प्राथमिकतामा राखेको छ।

नेपाल सरकार मन्त्रिपरिषद्ले २०८२ चैत १३ गते स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा निजी क्षेत्रको सुरक्षा तथा प्रवर्द्धन रणनीति तर्जुमा गरी लागू गर्ने कार्ययोजना समावेश थियो। सोही कार्ययोजनाअनुसार रणनीति स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको हो। रणनीतिको कार्यान्वयनबाट औद्योगिक तथा व्यावसायिक लगानीको सुरक्षा र संरक्षणको प्रत्याभूति भई निजी क्षेत्रको मनोवल बढ्ने र अर्थतन्त्रको समग्र विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ।



विभिन्न वहानामा हुने आन्दोलन, प्रदर्शन, बन्द, हडताल तथा सामाजिक-राजनीतिक अस्थिरताका कारण उद्योग व्यवसायमा परेको असरलाई सम्बोधन गर्नु रणनीति ल्याउनुको प्रमुख उद्देश्य रहेको छ। आन्दोलनका क्रममा उद्योग परिसर तथा आसपासमा लुटपाट र आगजनी हुने, उद्योग सञ्चालनमा अवरोध सिर्जना हुने तथा उत्पादन र व्यवस्थापन प्रक्रियामा प्रत्यक्ष-अप्रत्यक्ष असर पर्ने गरेको जारी रणनीतिमा उल्लेख छ।

राष्ट्रिय योजना आयोगले २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा भएको क्षतिको मूल्याङ्कन गर्दा करिब रु ८४ अर्ब बराबरको भौतिक सम्पत्तिमा क्षति भएको आकलन गरेको छ। यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले गरेको एक अध्ययनले पनि उद्योग तथा व्यवसायलाई ‘शान्ति क्षेत्र’ घोषणा गर्न र आन्दोलनलगायतका अवस्थामा उद्योगको सुरक्षा सुनिश्चित गर्न औद्योगिक सुरक्षा विधेयक तर्जुमा गर्न सुझाव दिएको थियो।

सरकारले रणनीतिमार्फत औद्योगिक प्रतिष्ठान, बैंक तथा वित्तीय संस्था, साना तथा मझौला उद्यम र सेवा क्षेत्रसमेतको सुरक्षा सुनिश्चित गर्ने लक्ष्य लिएको छ। सुरक्षा निकाय, सरकारी संयन्त्र र निजी क्षेत्रबीच समन्वय बढाएर सुरक्षित, स्थिर र विश्वसनीय व्यावसायिक वातावरण निर्माण गर्ने रणनीतिको उद्देश्य छ।

औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको भौतिक सम्पत्तिको सुरक्षाका लागि क्रमशः औद्योगिक सुरक्षा बल स्थापना गर्ने व्यवस्था रणनीतिमा राखिएको छ। साथै औद्योगिक सुरक्षासम्बन्धी विद्यमान कानुनी व्यवस्थाको समसामयिक पुनरावलोकन तथा संशोधन गरिने जनाइएको। औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्रामलाई ‘शान्ति क्षेत्र’ घोषणा गरी त्यहाँ कुनै पनि अवाञ्छित गतिविधि हुन नदिने व्यवस्था गरिने पनि रणनीतिमा उल्लेख छ। उद्योग तथा व्यवसायलाई सुरक्षा जोखिमका आधारमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा उपलब्ध गराउने सरकारको योजना छ।

जारी रणनीतिअनुसार उद्योग तथा व्यवसायको जोखिमअनुसार द्रुत सुरक्षा टोली परिचालन गरिनेछ भने नजिकको सुरक्षा एकाइमा उद्योग तथा व्यवसायका लागि सुरक्षा सम्पर्क व्यक्ति तोकिनेछ। त्यस्तै, औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानमाथि हुने आक्रमण, तोडफोड तथा आगजनीमा शून्य सहनशीलताको नीति अपनाइनेछ। उद्योगी तथा व्यवसायीको निजी सम्पत्ति र आवासमा हुने आक्रमण तथा तोडफोडमा समेत यही नीति लागू हुनेछ।

# मृतक बालकका परिवार र प्राधिकरणबीच सहमति

**युग संवाददाता**
**मुगु, २ भदौ ।**

राराविमानस्थलमा निर्माणाधीन शौचालयका लागि खनिएको खाल्डोमा डुबेर मृत्यु भएका बालकका परिवार र नेपाल नागरिक उड्डयन प्राधिकरणबीच सहमति भएको छ। गत साउत ३० गते विमानस्थलमा निर्माणाधीन शौचालयका लागि खनिएको खाल्डोमा जमेको पानीमा डुबेर छायाँनाथ रारा नगरपालिका-४ ताल्चाका ११ वर्षीय गौरव भामको मृत्यु भएको थियो।

ठेकेदारले खनेको खाल्डोमा वर्षाको पानी जमेको र सुरक्षाका लागि घेराबार नगरी खुला छाडिएको अवस्थामा बालकको डुबेर मृत्यु भएको परिवारको भनाइ छ। घटनापछि पीडित परिवारले उचित राहत तथा विमानस्थलको सुरक्षा व्यवस्थामा ध्यान दिन माग गर्दै विरोध गर्दै आएका थिए।

सोमबार नेपाल नागरिक उड्डयन प्राधिकरण प्रतिनिधि र पीडित परिवारबीच नेपाल नागरिक उड्डयन कार्यालय नेपालगन्ज परिसरमा सहमति भएको हो।

सहमतिअनुसार मृतक बालक गौरवका बुवा जयबहादुर भामलाई योग्यता र क्षमताअनुसार उपयुक्त करार सेवाको रोजगारीका लागि नागरिक उड्डयन कार्यालय रारा विमानस्थलमार्फत नेपाल नागरिक उड्डयन प्राधिकरणमा सिफारिस गरिनेछ।




“ गत साउत ३० गते विमानस्थलमा निर्माणाधीन शौचालयका लागि खनिएको खाल्डोमा जमेको पानीमा डुबेर छायाँनाथ रारा नगरपालिका-४ ताल्चाका ११ वर्षीय गौरव भामको मृत्यु भएको थियो।

त्यस्तै, मृतकका परिवारलाई राहतस्वरूप टर्मिनल भवन निर्माणकर्ता बुढी इन्टरनेसनल कन्स्ट्रक्सन प्रालिले तत्काल रु १० लाख उपलब्ध गराउने र मृतकका परिवारले जिल्ला प्रहरी कार्यालय मुगुमा दिएको जाहेरी तथा उजुरी फिर्ता लिने सहमति भएको छ।

सहमति कार्यान्वयनका लागि सहजीकरण गरिने छायाँनाथ रारा नगरपालिका-८ का वडाध्यक्ष कर्णबहादुर रावलले जानकारी दिए। ठेकेदार पक्षको लापरबाही, मृतक परिवारलाई राहत तथा यात्रु टर्मिनल भवन निर्माणमा भएको ढिलाइबारे मुगुबाट निर्वाचित सङ्घीय सांसद खड्गबहादुर शाहीले सोमबारको संसद् बैठकमा ध्यानाकर्षण गराएका थिए।

## समाजशास्त्री...

भाषाको उत्पत्ति कसले गरेको हो ?

अर्थात् आमा शब्द पहिलोपटक कसले प्रयोग गरेको हो भन्नेबारेमा आजसम्म हामीलाई थाहा छैन। हाम्रा दैनिक जीवनका कैयौं ज्ञान कसले निर्माण गरेका थिए भन्ने हामीलाई थाहा छैन। जसरी ज्ञान पनि पुँजीमा परिवर्तन हुन थाल्यो, किताब लेखेर मानिसले पैसा कमाउन थाले, लेखेका लेखका आधारमा विश्वविद्यालयका पदीय श्रेणीमा चढ्नका लागि कृतिहरू खुड्किलो बन्न थाले, त्यसपछि बौद्धिक चोरीका सवाल आएका हुन्।

निजी सम्पत्तिको दबदबा बढेको समयमा ज्ञान पनि निजी सम्पत्तिकै एउटा हिस्सा हो। तर, त्यो ज्ञान निर्माणकर्ता बन्न कसलाई सहज छ भन्दा संरचनात्मक लाभांशप्राप्त समुदायलाई छ, विश्वभरमा सबैभन्दा संरचनात्मक लाभांश भएको समुदायमध्ये क्याम्ब्रिजजस्ता विश्वविद्यालयका गोरा पुरुष प्राध्यापक बढी संरचनाको लाभमा थिए, छन्।

हाम्रो सन्दर्भमा थेसिस गरिरहेका धेरै विद्यार्थीलाई लाग्छ, ’मलाई त लेख्नै आउँदैन। तर, जसरी पनि पास त गर्नुपर्‍यो।’ स्नातकोत्तरसम्मको पढाइ सक्ने हो भने लेख्न त सिक्नैपर्छ। लेख्नेको विकल्प लेख्ने नै हो। विश्वविद्यालयमा पढ्ने धेरै विद्यार्थीहरू कैयौं समस्याहरूसँग जुध्दै स्नातकसम्म पास भएका हुन्छन्। उदाहरणका लागि सरकारी विद्यालय, विश्वविद्यालयमा पढेका धेरै जनाले नेपाली भाषामा पढेर आएका हुन्छन्, जसका कारण अंग्रेजीमा लेखिएका ज्ञानसँग जोडिन भाषाको अवरोध हुन्छ।

साथसाथै, उनीहरूबीचमा आफू र आफ्नो परिवार बचाउन काम गर्ने सिलसिलामा पढ्ने लेख्ने काममा लागेका हुन्नन्। कतिपय विद्यार्थी बल्लबल्ल घस्रेर लत्रेर स्नातकसम्म गर्न सकेका हुन्छन्। पढ्ने चाहना हुँदाहुँदै पनि पढ्ने काममा आफ्नो समय व्यवस्थापन गर्न किन गाह्रो भन्ने कुरा सामाजिक संरचना जोडिएको हुन्छ। कतिपय दोहोरो जागिर गर्दै, घरपरिवारलाई हेर्दै पनि पढिरहेका हुन्छन्।

शिक्षा स्वास्थ्यजस्ता आधारभूत आवश्यकताको ग्यारेन्टी नगरेको समाजमा एउटा जागिरले परिवारका आधारभूत आवश्यकता पूरा गर्न पनि नेपालका शहरहरूमा गाह्रो हुन्छ। साथसाथै, हुर्किंदा सन्तान, तिनको शिक्षाको व्यवस्था, वृद्ध हुँदै गएका अभिभावकको अस्पतालको खर्च, व्यापार व्यवसायमा लगाएको ऋणको ब्याज तिर्दै पढिरहेका कैयौं विद्यार्थीले अरुलाई थेसिस लेखाउन, चोर्न यस्तै केही गर्न पाए हुन्थ्यो भन्ने आशय आफ्ना शिक्षक, प्राध्यापकसँग राख्छन्।

अलिक फुर्ती-फार्ती गर्नेले चोर चार गरेर पनि ल्याइहाल्छन् र साथसाथै कैयौं विद्यार्थीले आफ्नै मिहिनेतले लेखिरहेका हुन्छन्। यी सबै देख्दा कैयौंपटक अलिक खुकुलो गरिदिन पनि मन लाग्छ। तर, विश्वविद्यालयले बनाएको नियम त नियम हो, यो व्यवस्थालाई मानेपछि योभित्रको मूल्य मान्यतालाई मान्न त पर्‍यो।

अर्थात् अर्डेलाई बौद्धिक चोरीको आरोप लागेपछि आत्महत्या गरे। बौद्धिक चोरी गर्न पाइनुपर्छ भन्ने तर्कहरूसँग भने सहमत हुन सकिन्न। तर, त्यस्तै चोरीको आरोप क्याम्ब्रिजकै गोरा प्राध्यापक भएको भए के हुन्थ्यो होला ? सन् २०१९ मा विद्यार्थीमाथि यौन दुर्व्यवहार गरेको पुष्टि भएका गोरा प्राध्यापकलाई क्याम्ब्रिजले काममा फिर्ता गराएको विगत पनि छ।गोरा प्राध्यापकहरू चोरीको आरोप लागे पनि केही समयपछि छाती फुलाउँदै विश्वविद्यालयमा उपस्थित हुन्थ्यो, संसारभर विज्ञको रूपमा कन्सल्ट्यान्सी गरिरहन्थ्यो र कैयौं प्राज्ञहरू उसको चोरीको विषय कसैले उठाए ’ए हो र?’ भनेर टारिदिन्थे।

अन्त्यमा, अबको संसारलाई समावेशिताले भरिएको समाज बनाउनुपर्ने बाध्यता छ। नेतृत्वमा रहेका थोरैका लागि समावेशिताको सवाल उद्देश्यले भरिएको भए पनि धेरैका लागि यो बाध्यतावश गरिएको देखाउने दाँत मात्रै हो, हामी उदार, प्रगतिशील वा लोकतान्त्रिक छौँ भनेर। तर, भित्री व्यवहारमा मानिसलाई मानिसको रूपमा नहेर्ने, नगन्ने, आफ्नोबराबरको मानिस हो भनेर स्वीकार गर्नै नसक्ने प्रवृत्ति पनि यथावत् छ। यो प्रवृत्ति विभिन्न विषयमा आरोप लगाउने, आरोप लागेकै आधारमा अपराधीकरण गर्ने र चौतर्फी घेराबन्दी गर्नेमा मेनिफेस्ट हुन्छ।

यो प्रवृत्तिविरुद्ध लड्नेबाहेक अर्को विकल्प छैन। लड्ने बेलामा व्यक्तिले सोच्ने कुरा हो- यस्तो अमानवीय सोचको निसानामा म मात्रै छैन भनेर। तर, कतिसम्म सहने, कतिसम्म लड्ने, लड्ने कि भाग्ने ? त्यो व्यक्तिगत कुरा हुन्छ। अर्डेले भाग्ने बाटो रोजे। यो दुःखद हो। अर्डेको दुःखद अन्त्यले पश्चिमा प्राज्ञिक जगत्को समावेशी नीतिको मुखुन्डो उतारेर गएको छ। *(शिलापत्र)*

**अनुसुची-१५**
**(दफा ३३ को उप -दफा (२) सँग सम्बधिन्त)**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको ७ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८३/०४/०३**

श्री दानकाली सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.०६, सुर्खेतको सामुदायिक वनबाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल ग्रेड (ए) १२ थान २०६.७५ क्यूफिट, ग्रेड (बि) ११ थान ७४.७२ क्यूफिट, ग्रेड (सि) ४४ थान १४४.१८ क्यूफिट, ग्रेड (डि) १५ थान २६.१४ क्यूफिट, गरी जम्मा ८२ थान ४५१.७९ क्यूफिट, असना काठ ग्रेड (ए) २९ थान ४९१.३८ क्यूफिट, ग्रेड (बि) २१ थान १८३.१९ क्यूफिट, ग्रेड (सि) ४६ थान १९३.७५ क्यूफिट गरी जम्मा ९६ थान ८६८.३२ क्यूफिट, धौटी काठ ग्रेड (ए) १ थान ५.०४ क्यूफिट, वर्रो काठ ग्रेड (ए) ७ थान ४८.४५ क्यूफिट, सल्लो काठ ग्रेड (बि) ११ थान ४७.३५ क्यूफिट गरी कुल जम्मा १९७ थान १४२०.९५ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री दानकाली सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-०६, सुर्खेत श्री वड्डीचौर सव-डिभिजन वन कार्यालय वड्डीचौर, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री दानकाली सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-०६, सुर्खेत।**

## सिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना

**(सूचना प्रकाशित भएको मिति : २०८३/०५/०३)**

रिन्यूएवल वर्ल्डको प्राविधिक तथा आर्थिक सहयोग र सुन्दर नेपाल संस्था, सुर्खेतसँगको साझेदारीमा सुर्खेत जिल्लाको ०४ वटा पालिकामा संचालन भएको स्वास्थ्यका लागि उर्जा कार्यक्रम (E4H) अर्न्तगत १ थान (Off- road) मोटरसाइकल आवश्यक परेकाले सुन्दर नेपाल संस्थाले यो सूचना प्रकाशित गरेको छ। आधिकारीक, योग्य तथा इच्छुक सेवा प्रदायक फर्म/सप्लायर्स/आपूर्तिकर्ता/कम्पनीहरुबाट आजको मितिले ७ दिन भित्रमा विधिवत रुपमा भरिएको सिलबन्दी कोटेशन तोकिएको समय सीमा भित्र रीतपूर्वक बुझाउन यो सूचना प्रकाशित गरिन्छ। कार्यालयलाई प्राप्त भएका सिलबन्दी कोटेशनहरु मध्येबाट प्रतिस्पर्धामा प्रक्रिया पुर्‍याएर आएका फर्म/सप्लायर्स/आपूर्तिकर्ता/कम्पनीहरु मध्येबाट गुणस्तरीय सामाग्री, सस्तो मूल्यमा समयमा नै उपलव्ध गराउने फर्म/सप्लायर्स/आपूर्तिकर्ता/कम्पनीलाई छनौट गरिने छ।

कोटेशन रीतपूवर्क भरेर प्रत्येक पानामा सही छाप गरी शिलबन्दी खाममा २०८३/०५/०९ गते कार्यालय समय भित्र सुन्दर नेपाल संस्थाको कार्यालय, सुर्खेतमा (तल उल्लेख गरिएको पूरा ठेगाना) मा तोकिएको समय सीमा भित्र बुझाउनु पर्नेछ। अन्तिम मिति र समयको म्याद सकिएपछि प्राप्त भएका सिलबन्दी काटेशन मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन।

**मोटरसाइकलको न्युनतम मापदण्ड तथा विशेष्ताहरु :**

| S.N. | Minimum Specification |
|---|---|
| 1. | Suspension: Off road long travel Suspension |
| 2. | Tyre: Off road Grip Tyres Front and Back |
| 3. | Brake:Disc brake on front and back |
| 4. | ABS: Minimum single chaanel ABS |
| 5. | Displacement: 180 to 220 CC |
| 6. | Starting: Self-start and kick |
| 7. | Fuel System: Fuel injection system |
| 8. | Warranty :As per company provided |
| 9. | Delarship: Propríty in Surkhet District |

सिलबन्दी कोटेशन पेश गर्दा सबै आवेदक आपूर्तिकर्ताले निम्न कागजातहरु अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ :

- शिलबन्दी कोटेशन साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.का कर चुक्ता वा म्याद थप पेश गरी शिलबन्दी काटेशनको खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ।

**सिलबन्दी कोटेशन बुझाउने ठेगाना :**

**सुन्दर नेपाल संस्था**
**वीरेन्द्रनगर-०८, सुर्खेत**
**वेबसाइट : www,sundarnepal,org.np**
**फोन नं. ०८३-५२०९२६**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# सुरक्षित मातृत्वमा फड्को मार्दै नरैनापुर

**युग संवाददाता**
**बाँके, २ भदौ ।**

बाँकेको दुर्गम क्षेत्रका रुपमा रहेको नरैनापुर गाउँपालिकाले सुरक्षित मातृत्वको क्षेत्रमा सकारात्मक परिवर्तन गरेको छ। नरैनापुरमा अहिले घरमै सुत्केरी गराउने प्रवृत्ति घट्दै गएको छ। वडास्तरमा गाउँमै प्रसूति सेवा केन्द्र सञ्चालनमा आएपछि घरमै सुत्केरी गराउने पुरानो परम्परामा परिवर्तन आएको नरैनापुर गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार शाहले बताए।



"विगतमा घरमै सुत्केरी गराउँदा धेरै आमा र नवजात शिशुको स्वास्थ्य जोखिममा पर्ने गरेको थियो, तर अहिले बाँकेको दुर्गम नरैनापुर गाउँपालिकामा त्यो तस्बिर बदलिएको छ", शाहले भने, "घरमै सुत्केरी गराउने प्रवृत्ति घट्दै गएको छ, वडा-वडामा सञ्चालनमा रहेका वर्थिङ सेन्टर सुरक्षित मातृत्वका भरपर्दा केन्द्रका रूपमा स्थापित हुँदै गएका छन्।"

उनका अनुसार, आर्थिक वर्ष २०८२/८३ मा नरैनापुर गाउँपालिकाका विभिन्न प्रसूति सेवा केन्द्रबाट एक हजार १५१ जना महिलाले सुरक्षित प्रसूति सेवा लिएका छन्। संस्थागत सुत्केरीको सङ्ख्या निरन्तर बढ्दै जानु सुरक्षित मातृत्वप्रतिको चेतना र स्थानीय सरकारले गरेको लगानीको प्रतिफल हो।

पहिले घरमै सुत्केरी गराउने वा अन्तिम अवस्थासम्म स्वास्थ्य संस्थामा नआउने महिलासमेत अहिले नियमित गर्भ परीक्षणदेखि सुत्केरीसम्म वर्थिङ सेन्टरमै आउने गरेका छन्। वडा नम्बर १ देखि ६ सम्म चौबीसै घण्टा तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा सञ्चालन भइरहेको उनले जानकारी दिए। गर्भवतीलाई स्वास्थ्य संस्थासम्म ल्याउन निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएकाले दुर्गम बस्तीका महिलाले पनि सहज रूपमा सेवा लिन थालेका छन्।

गत आर्थिक वर्षमा वडा नम्बर १ कटकुइँयामा १८६, वडा नम्बर २ कालाफाँटामा १७४, वडा नम्बर ३ नरैनापुरमा १०१, वडा नम्बर ४ लक्ष्मणपुरमा २५४, वडा नम्बर ५ मटेहियामा २८६ र वडा नम्बर ६ गङ्गापुरमा १५३ जना महिलाले सुरक्षित प्रसूति सेवा लिएका छन्। जटिल अवस्था देखिएमा तत्काल भेरी अस्पतालमा निःशुल्क रेफर गर्ने तथा ल्याउने-लैजाने व्यवस्था गाउँपालिकाले मिलाएको स्वास्थ्य शाखा प्रमुख शाहले बताए।

वडा नम्बर १ कटकुइँया स्वास्थ्यचौकीमा कार्यरत अनमी सामना गुरुङले नरैनापुरमा पछिल्ला वर्षहरूमा सबैभन्दा ठूलो परिवर्तन महिलाको सोचमा आएको बताए। उनले भने, "पहिले धेरैजसो गर्भवतीले घरमै सुत्केरी गराउने योजना बनाउँथे। अस्पताल आउन डराउने, खर्च धेरै लाग्छ भन्ने सोच्ने र अन्तिम समयमा मात्रै ल्याइने अवस्था थियो। अहिले भने गर्भ रहेदेखि नै नियमित जाँचका लागि स्वास्थ्य संस्थामा आउने, सुत्केरी हुने मिति नजिकिँदै जाँदा आफैं वर्थिङ सेन्टरमा सम्पर्क गर्ने र सुरक्षित रूपमा स्वास्थ्य संस्थामै सुत्केरी गराउने चलन बढेको छ।"

उनका अनुसार, स्वास्थ्यकर्मीले गाउँगाउँमा पुगेर गरेको परामर्श, महिला स्वास्थ्य स्वयंसेविकाको सक्रियता, परिवारको बढ्दो साथ र गाउँपालिकाले उपलब्ध गराएको निःशुल्क एम्बुलेन्स सेवाले समुदायको सोच परिवर्तन गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

## घुयँत्रो

हैन ! नेपालाँ नयाँ कुराको बहसको थालनि हुन लायोनि काँग्रेसका नेताहरु। जनता, रास्वपाका दैनिक रुपमा हुने यौटा न यौटा ताण्डबले वाक्क दिक्क बन्दै गै राछन। दिन त रास्वपालाई दुई तिहाइ मत दिए। तर ,यस्तो किसिमको सरकार र यस्ता खालका माननीय र प्रधानमन्त्री बन्न घण्टीमा मत द्या हैनम् भन्न पो थाल्या छन त! उनिहरुको भनाईमा यो सब राजनीतिक वितण्डा गराउने काम काँग्रेसले गर्याहो त्यसैले यी सब बिकृतिको जिम्मा सरकारले लिनुपर्छ भनेर यत्रतत्र काँग्रेसको विरोध गर्या पो सुनिन थाल्याछ त ! चुनाबाँ कैले माओवादिसित मिल्याछ अनि कैले एमाले शीत गठबन्धन गरेर चुनाब लड्याछ जनतालाई जबरजस्ती कमिनिष्टमा भोट हाल्न ला छ अनि सरकार बनाउने बेलाँ सत्ताजति कमिनिष्ट हरुलाई द्याछ। अनि त्यै मौका पारेर कमिनिष्टले देशको ढुकुटी र राजनीतिलाई तथानाम चलाए देशाँ भष्टाचार बढ्यो त्यै निहुमा ऐले बालेनको सरकार आयो अनि यो सरकार त झन दुई तिहाइका नाममा छाठा साँढे जस्तो पो भाछ त। न सदनको मर्यादा छ न सरकारको अडानछ जस्लाई जे मन लायोत्यै गर्याछन। जनता सरकारतिर मुख फर्कायर बस्या छन सरकार जनता कुरो हैनकप रास्वपाका मनननीयलाई उरण्ठ्याउला हर्कताँ उतार्याछ। वास्तबमा गठबन्धनका नाममा शेरबादुरले कमिनपष्टसित घाँटी जोडेर जसरि आफ्नालकार्यकर्ता र भोटरलाई कमिनिष्टमा भोट हाल्न लाए त्यसको पापको भारी ऐले काँग्रेसले बोक्नु पर्याछ। एकातिर जिवनभर लाएर कमाएको राजनितिक प्रतिष्टा कमिनिष्टकै साँठगाँठाँ लाएर गुमाउनु पर्यो भने अर्कोतिर पैलो पाटि भएर नि गठबन्धन वालालाई नै सरकार बनाउन लगाएर त्यै सरकारका आडाँ देउबाकि श्रीमतीले जसरि धन बटुल्न लागिन र घरका कनेठाकोठाँ रुपियाँ लुकाईन अनि त्यैधन जेनजीले नास्ने बेलाँ पुरै आर्जुको धनपनि नासियो कार्यकर्ता गुमे, मानमर्यादा र प्रथिष्ठा गुम्यो ह्याँसम्मकि स्वदेशाँ बस्ने अबस्था नभएर विदेशाँ शरण लिन पर्याछ। उनकै कारण पाटिपनि दुईचिराँ बाँडिने अबस्थाँ पुग्याछ। सायद अब काँग्रेस एक हुनै सक्दैन किनभने दुई फरक उमेर समूह गुठबन्दि गरेर पाटि छिन्न भिन्न बनाउन लाग्याछन। गएको चुनाबमै काँग्रेसका ५० प्रतिसत भन्दा बढि कार्यकर्ता पाटि छोडेर अर्को रास्वपा पाटिमा गै सक्याछन भने काँग्रेस समर्थक पनि करिब ५० प्रतिसतले मत फेरिई सक्याछन।उनिहरुको काँग्रेसप्रतिको मोह भंग भै सक्याछ। यस्तो बेलाँ अँझ काँग्रेस २ चिराँ बाँडियाछ। त्यसैले अब काँग्रेसका नेताहरुलाई कसैले विश्वास गर्ने वाला छैनन्। अब देश कसैले चलाउँछ भने त्यो रास्वपा पाटिनै हो र यसरी रास्वपालाई यसरी अबसर दिने भनेको देउबा,आर्जु, प्रकाशशरण र निधिनै हुन यिनिहरुकै कारण देशको पुरानो पाटिको यो हरिबिजोग भो र सम्भब त आउने स्थानीय चुनाबमा त रास्वपाले ८०% भन्दा बढि स्थानमा चुनाब जित्ने देखिन्छ। भने त्यो चुनाबमा काँग्रेसको झन लाजमर्दो हार हुनेछ। जाँसम्म काँग्रेसका गगन थापाले गनेका १६ लाख पाटिसदस्य जुन छन देशभर त्यत्ति कार्यकर्ता भेटन, आउने चुनाबाँ हम्मे हम्मे पर्ला। त्यसैले पाटि टुक्र्याउनतिर हैन आआफ्नो अभिमान त्यागेर पाटि जुटाउनतिर लाग्नु पर्यो हैनभने जनताले तिमिहरुजस्ता स्वाँठ नेताहरुलाई भाटे कारबाही गर्न नि सक्छन् ।

# देउवाका भतिजा प्रकाश सुदूरपश्चिम प्रदेशसभाबाट पदमुक्त

**युग संवाददाता**
**बाँके, २ भदौ ।**

सुदूरपश्चिम प्रदेशसभा सदस्य प्रकाशबहादुर देउवा पदमुक्त भएका छन्। प्रदेशसभाका लगातार २५ वटा बैठकमा अनुपस्थित रहेका नेपाली कांग्रेसका प्रदेशसभा सदस्य देउवालाई सभामुख भीमबहादुर भण्डारीले पदमुक्त गरेका हुन्।

कैलाली निर्वाचन क्षेत्र नं. ५ (२) बाट निर्वाचित तथा पूर्वमन्त्री देउवा २०८२ असोजदेखि प्रदेशसभाका बैठकमा उपस्थित भएका थिएनन्। तर, उनले प्रदेशसभाबाट पाउने पारिश्रमिकलगायतका सुविधा भने निरन्तर बुझ्दै आएका थिए।

२०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि देउवा प्रदेशसभा सचिवालयलाई औपचारिक जानकारी नदिई अमेरिका पुगेको बताइएको छ। त्यसयता उनी प्रदेशसभा बैठकमा अनुपस्थित छन् र हालसम्म पनि अमेरिकामै रहेको जनाइएको छ।

प्रदेशसभा नियमावली, २०८० को नियम १(३) अनुसार सभाको जानकारीबिना लगातार १० वटा बैठकमा अनुपस्थित भएमा प्रदेशसभा सदस्यको पद रिक्त हुने व्यवस्था छ। देउवा लगातार १० बैठकमा अनुपस्थित भएपछि आफू अमेरिका रहेको जानकारी सभामुखलाई गराएका थिए।

सर्पको टोकाइबाट बचौं र बचाऔं
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।